# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - ५

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ १४ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले नवनियुक्त सभामुखलाई बधाई तथा शुभकामना दिनुहुँदै कार्यकालको सफलताको कामना समेत गर्नुभयो ।

तदुपरान्त नवनिर्वाचित प्रतिनिधि सभाका सभामुखलाई निम्नलिखित मा० सदस्यहरुले बधाई तथा शुभकामना दिनुभयो :-

१. मा० श्री शेरबहादुर देउवा
२. मा० श्री महिन्द्र राय यादव
३. मा० डा० बाबुराम भट्टराई
४. मा० श्री दुर्गा पौडेल
५. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले सम्मानित प्रतिनिधि सभाको सभामुख पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा यो सम्मानित सदन र सबै मा० सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बधाई तथा शुभकामना दिनुहुने सम्पूर्ण माननीय सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । उहाँले यो घडीमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा अग्रगामी परिवर्तनका लागि भएका सबै संघर्षका महान शहीद एवं बेपत्ता योद्धाहरुको स्परण गर्दै घाइते-अपाङ्ग योद्धाहरुप्रति सम्मान प्रकट गर्दछु भन्नुभयो ।

साथै उहाँले नेपाली जनताले आफ्ना प्रतिनिधिमार्फत् संविधान सभाबाट बनाएको संविधानको कार्यान्वयन र आम नेपाली जनताको शान्ति, समृद्धि र सुशासनको चाहनालाई सम्बोधन गर्न यो जननिर्वाचित सार्वभौम प्रतिनिधि सभाको महत्वपूर्ण भूमिका निर्वाहका लागि सदैव जोड रहनेछ । देश र जनताका सरोकारका विषयमाथि छलफल गर्न पर्याप्त र समुचित वातावरण निर्माण गर्दै सभालाई जीवन्त बनाई राख्नका लागि मेरो ध्यान केन्द्रित हुनेछ । जननिर्वाचित यस गरिमामय संस्थाको ओज र प्रतिष्ठालाई अझ उँचो बनाउनका लागि म भगीरत प्रयत्न गर्नेछु । सभामुख पदको गरिमालाई कायम राख्न विगतका असल अभ्यासहरुको अनुशरण गर्दै यस प्रतिनिधि सभालाई सफलतासम्म पुऱ्याउने मेरो हरसम्भव मेहनत रहनेछ । मेरो प्रतिवद्धतालाई व्यवहारमा रुपान्तरण गर्ने कार्यमा सबै दलका नेतृत्वगण एवं माननीय सदस्यहरुबाट सकारात्मक सहयोग हुनेमा म पूर्ण रुपमा विश्वस्त छु भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि निम्नलिखित मा० सदस्यहरुको नाम मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री उमाशंकर अरगरिया
(२) मा० श्री चन्द्रकान्त चौधरी
(३) मा० श्री डिला सँग्रौला (पंत)
(४) मा० श्री मान बहादुर विश्वकर्मा
(५) मा० श्री राधा कुमारी ज्ञवाली
(६) मा० श्री रेखा शर्मा
(७) मा० श्री सोमप्रसाद पाण्डेय

तदनन्तर अर्को बैठक २०७६ साल माघ १७ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी दिनको २:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव